# दोस्रो गाउँसभाकोचौथो (हिउदे) अधिवेशनमा अध्यक्ष तुल्सिराम पुनमगरज्यूद्धारा प्रस्तुत बंगलाचुली गाउँपालिकाको आ.ब. २०८०/०८१ को अर्धवार्षिक प्रगती समिक्षा

पौष २५, २०८०

## बंगलाचुली गाउँपालिका

कमिरेचौर, दाङ

## अध्यक्ष महोदय एवं सदस्यज्यूहरु,

नेपालको संविधान २०७२ अनुसार गठित स्थानीय सरकारको रुपमा रहेको यस गाउँपालिकाको गरिमामय दोस्रो गाउँसभाको चौथो (हिउदे) अधिवेशनमायस गाउँसभाको गठन पश्चात यस आ.ब. को अर्धवार्षिक प्रगती समिक्षा विवरण पेश गर्न पाउदा खुसी लागेको छ । गत तथा चालु आर्थिक वर्षको कार्यकालमा कार्यपालिकाद्धारा गरेका महत्त्वपूर्ण कार्यहरु, यस आर्थिक वर्षको कार्यान्वयनको अवस्था लगायतका प्रगतीसँग समिक्षात्मक प्रतिवेदन पेश गर्न गैरहेको छु ।

## अध्यक्ष महोदय,

अब मबंगलाचुली गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्धवार्षिक प्रगती विवरण एवं हालसम्म भएका महत्त्वपूर्ण गतिविधीको समिक्षात्मक प्रतिवेदन यहाँहरु समक्ष पेश गर्न गैरहेको छु ।

- नेपालको संविधान, २०७२ जारी भएपछि स्थानीय सरकार गठन भएको अवस्थामा स्थानीय सरकारको व्यवस्थापकीय प्रशासनिक तथा बित्तिय अधिकार प्रयोगका क्रममा यस गाउँपालिको चौतर्फी विकासका कार्य गर्ने हाम्रो दृढ इच्छा र चाहनालाई साकार पार्न बंगलाचुलीगाउँपालिकाको दोस्रो गाउँसभाको तेश्रो अधिवेशनमा प्रस्तुत गरिएको आ.ब. २०८०/०८१ को वार्षिक नीति, कार्यक्रम तथा बजेट द्रुत गतीमा कार्यान्वयनको अवस्थामा रहेको व्यहोरा सर्वविदितै छ ।स्थानीय तहआफैले तर्जुमा गरी पारित गरेको नीति तथा कार्यक्रमको कार्यान्वयनका क्रममा प्राप्त गरेका सबल र दुर्बल पक्ष, अवसर तथा चुनौतीहरु समेटेर तयार गरिएको अर्धवार्षिक प्रगती प्रतिवेदन यस गाउँ सभामा प्रस्तुत गर्न पाउँदागौरव महसुस गरेको छु ।
- यस अवसरमा राष्ट्रिय स्वतन्त्रता, सामाजिक न्याय र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि जनयुद्ध,जनआन्दोलनमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। राष्ट्रियता, लोकतन्त्र र जनजिविकाको आन्दोलनमा अगुवाइ गर्नुहुने सम्पूर्ण अग्रजहरुको योगदानको उच्च सम्मान सहित स्मरण गर्न चाहन्छु।जनयुद्ध र जनआन्दोलन,वेपत्ता पारिनुभएका नागरिक,घाईते,अपाङ्ग व्यक्तिहरुको उच्च सम्मान गर्न चाहान्छु ।

स्थानीय सरकार संचालन ऐन, २०७४ तथा अन्य विभिन्न कानूनी व्यवस्था अनुसार संघियता कार्यान्वयनको छोटो अवधिमा स्थानीय सार्वजनिक सेवा प्रवाह र वहुआयामिक विकास तथा नागरिकको घरदैलोमा सरकार भएको अनुभुति दिलाउन वर्तमान स्थानीय शासन प्रणालि महत्त्वपूर्ण आधारका रुपमा अवगतै छ ।विकास र सुशासनको सुस्पष्ट दृष्टिकोण, स्थानीय कानुनको निर्माण तथा कार्यन्वयन एबं पूर्ण परीपालना, गाउँपालिकाको गुरुयोजना तथा योजना तर्जुमा, जनशक्ती व्यवस्थापन, संघ र प्रदेशसँग अघि बढाइएका समन्वय र सहकार्यका प्रयासहरुले विभिन्न प्रतिकुलताका वीचमा पनि कार्यान्वयनको प्रयासमा हामीलाई अनुकुलता तर्फ अघि बढ्ने आधार प्रदान गरेको छ ।सबैको साझा प्रयासबाट नै छोटो समयमा गाउँपालिकाले महत्त्वपूर्ण उपलब्धी प्राप्त गरेको छ । यसबाट हामी सबैलाई शहीदको सपना पुरा गर्ने तर्फ थप प्रेरणा मिल्ने छ।

बंगलाचुली गाउँपालिकाको **"सबै मिलीजुली, हामी बनाउँछौं हाम्रो बंगलाचुली"** को दिर्घकालिन सोच हासिल गर्न यस गाउँपालिकाको प्रथम पञ्चवर्षिय योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास, संमृद्धि र सुशासन हाँसिल गर्ने दिशामा आगामी कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

बंगलाचुलीको बहुल सामाजिक, साँस्कृतिक, एवं भौगोलिक विविधता तथा विशिष्टिता पर्याप्त प्राकृतिक स्रोत साधनको उपलब्धता, शासन विकास र सेवा प्रवाहका कार्यहरुमा नागरिकहरुको सक्रिय रचनात्मक स्वस्फूर्त सहभागिता र संलग्नताको सम्भावनाहरु विद्यमान भएपनि यस गाउँपालिकाको भौगोलिक जटिलता, न्यून आन्तिरक आम्दानी, गरिबिको रेखामुनी रहेको विपन्न नागरिकहरुको वाहुल्यता, परम्परागत कृषि तथा पशुपालन प्रणाली, उद्योग कलकारखाना, व्यापार व्यवसाय जस्ता सेवा क्षेत्रमा वाह्य लगानीको न्यूनताका कारण अपेक्षाकृत रुपमा वहुआयामिक विकास हासिल हुन नसकेको अवस्थामा सक्रिय जनसंख्या विकसित तथा सुविधा सम्पन्न क्षेत्रमा वसाईसराई गर्न उद्यत हुँदै गएको देखिन्छ भने स्थानीय स्वरोजगार तथा वाह्य रेमिट्यान्सबाट प्राप्त भएको आम्दानि उत्पादनमुलक क्षेत्रमा लगानि गर्ने वातावरण वनाउन आवश्यक देखिन्छ।

सवल लोकतन्त्रको उच्चतम लाभ हासिल गर्न जनताको वरिपरि सरकार पुर्याउने उद्देश्यले गठन भएको वर्तमान स्थानीय तह संचालन गर्न नेपालको वर्तमान संविधानको भाग १७ तथा अन्य विभिन्न सम्बद्ध कानूनि एवं नीतिगत व्यवस्था बमोजिम स्थानीय सरकारलाई वित्तिय, व्यवस्थापकीय, प्रशासकीय एवं राजनैतिक अधिकारहरु उपयोग गर्ने अवसर प्राप्त भएको छ। यस अवस्थामा जनताको माग बमोजिम शक्ति, अधिकार, स्रोत साधन, अवसरको समन्यायिक एवं समतामुलक वितरण गर्नका लागि समावेशि लोकतन्त्र स्थानीय तहमा समेत अवलम्बन गरिएको छ। फलस्वरुप जनमैत्री र जनताका मागमा आधारित वहुआयामिक विकासात्मक

र सेवामुलक एवं लोक कल्याणकारी कार्यहरुलाई थप समसामयिक रुपमा परिस्करण गरी संमृद्ध बंगलाचुली, सुखी बंगलाचुली बासि भन्ने नारालाई साकार पार्न गत विगतका वर्षहरुमा अघि सारिएका नीति, योजना बजेट तथा कार्यक्रमले हासिल हुन नसकेका हामिले गरिएका वाचाहरु एवं प्रतिबद्धताहरुलाई प्राथमिकिकरण गरि क्रमश पुरा गर्न यो यो गाउँपालिका सदैव केन्द्रित रहेको छ । विभिन्न समयसमयमा स्थानीय राजनैतिक दल, आम बुद्धिजिवि नागरिक, सरोकारवाला अन्य वर्ग, तथा सञ्चार जगत र राष्ट्रसेवक कर्मचारीहरुसमेतको अमूल्य सुझावहरुलाई समेटी आफ्ना जनसेवामुलक कार्य गरीएमा अपेक्षित उपलब्धि हासिल गर्नमा टेवा पुग्ने कुरामा हामीले विश्वास लिएको छौ।

## बंगलाचुली गाउँपालिकाको बहुआयामिक प्रगति विवरण

अब म यस अघिका गाउँपालिकाले गत तथा विगत वर्षमा समेतमा गरी यस गाउँपालिकाको समग्र बहुआयामिक विकास सार्वजनिक सेवा प्रवाह र समृद्धि तथा सुशासनका लागि चालिएका महत्वपूर्ण प्रयास र सो प्रयासबाट सिर्जित अवसरहरुलाई प्रस्तुत गर्न चाहन्छु।

यस बंगलाचुली गाउँपालिकाका चालु आर्थिक वर्ष २०८०।०८१ मा क्षेत्रगत वजेट खर्चको अवस्था तपिशल अनुसार रहेको छ ।

तपिशल

बँगलाचुली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, दाङ

**कार्यालयको कोड : ८०५५६५०३३००**

Sectors wise Budget vs Expenditure

रु. हजारमा

| आ.व. : २०८०/८१महिना : सबैअवधी :२०८०/०४/०१-२०८०/०९/२४ | | | | | |
|---|---|---|---|---|---|
| SN | क्षेत्र/उपक्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
| १ | आर्थिक विकास | १,५०,३४,०००.०० | १८,४३,५००.०० | १२.२६ | १,३१,९०,५००.०० |
| १ | कृषि | ७६,८४,०००.०० | ७,९५,४००.०० | १०.३५ | ६८,८८,६००.०० |
| २ | उद्योग | १२,००,०००.०० | ४,६०,६००.०० | ३८.३८ | ७,३९,४००.०० |
| ३ | जलश्रोत तथा सिंचाई | २८,५०,०००.०० | ०.०० | ० | २८,५०,०००.०० |
| ४ | पशुपन्छी विकास | २३,००,०००.०० | ५,८७,५००.०० | २५.५४ | १७,१२,५००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | वाणिज्य | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २ | सामाजिक विकास | २८,३९,११,०००.०० | १०,३८,६७,३६८.८० | ३६.५८ | १८,००,४३,६३१.२० |
| १ | शिक्षा | १९,०१,६६,०००.०० | ८,३१,७३,८८७.०० | ४३.७४ | १०,६९,९२,११३.०० |
| २ | स्वास्थ्य | ५,४२,००,०००.०० | १,८८,३४,५७३.८० | ३४.७५ | ३,५३,६५,४२६.२० |
| ३ | खानेपानी तथा सरसफाई | १,२०,४५,०००.०० | ५,९७,६४५.०० | ४.९६ | १,१४,४७,३५५.०० |
| ४ | भाषा तथा संस्कृति | ३,००,०००.०० | २,६७,३३०.०० | ८९.११ | ३२,६७०.०० |
| ५ | लैंगिक समानता तथा सामाजिक समावेशीकरण | १,७६,००,०००.०० | ४,४५,०००.०० | २.५२ | १,७१,५५,०००.०० |
| ६ | युवा तथा खेलकुद | २४,००,०००.०० | ०.०० | ० | २४,००,०००.०० |
| ७ | सामाजिक सुरक्षा तथा संरक्षण | ७२,००,०००.०० | ५,४८,९३३.०० | ७.६२ | ६६,५१,०६७.०० |
| ३ | पूर्वाधार विकास | ६,८७,५५,०००.०० | २५,२०,४०४.०० | ३.६७ | ६,६२,३४,५९६.०० |
| १ | यातयात पूर्वाधार | ५,३५,००,०००.०० | २२,४५,४०४.०० | ४.२ | ५,१२,५४,५९६.०० |
| २ | भवन, आवास तथा सहरी विकास | १,२९,८०,०००.०० | ७५,०००.०० | ०.५७ | १,२९,०५,०००.०० |
| ३ | उर्जा | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| ४ | पुनर्निर्माण | १४,७५,०००.०० | २,००,०००.०० | १३.५६ | १२,७५,०००.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २,९७,५०,०००.०० | ६८,७१,८१६.०० | २३.१ | २,२८,७८,१८४.०० |
| १ | बन | ३७,००,०००.०० | ३,३२,९०५.०० | ९ | ३३,६७,०९५.०० |
| २ | विपद व्यवस्थापन | १,४०,००,०००.०० | ४३,६०,२४१.०० | ३१.१४ | ९६,३९,७५९.०० |
| ३ | शासन प्रणाली | १,५०,०००.०० | ७५,०००.०० | ५० | ७५,०००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४ | तथ्यांक प्रणाली | ९,००,०००.०० | ७,९८,५२०.०० | ८८.७२ | १,०१,४८०.०० |
| ५ | श्रम तथा रोजगारी | ५३,००,०००.०० | १३,०५,१५०.०० | २४.६३ | ३९,९४,८५०.०० |
| ६ | प्रशासकीय सुशासन | ९,००,०००.०० | ०.०० | ० | ९,००,०००.०० |
| ७ | वित्तीय सुशासन | ४८,००,०००.०० | ०.०० | ० | ४८,००,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,७५,६१,०००.०० | २,९१,३७,०८९.२४ | ३३.२८ | ५,८४,२३,९१०.७६ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,७५,६१,०००.०० | २,९१,३७,०८९.२४ | ३३.२८ | ५,८४,२३,९१०.७६ |
| कुल जम्मा | | ४८,५०,११,०००.०० | १४,४२,४०,१७८.०४ | २९.७३ | ३४,०७,७०,८२१.९६ |

## आर्थिक विकास

<u>कृषि पशु पक्षि विकास उद्योग वाणिज्य तथा पर्यटन</u>

- कृषि तर्फ कृषकका लागि विभिन्न प्रकारका नगदेवाली तथा तरकारीको विउविजन वितरण कार्यक्रम, वेमौसमी तरकारीको लागि किट वितरण फलफुल खेती पकेट व्यवस्थापन जस्ता कार्यक्रमहरु गरीएका छन् ।
- यस गाउँपालिकामा रासायनिक मल वितरणलाई प्रभाकारी बनाइएको र पोषण तथा खाद्य सुरक्षाका लागि विभिन्न कार्यक्रमहरु कार्यन्वयन गरीकएको छ भने केही सिचाई योजनाहरु सम्पन्न भएका छन् ।
- 
- गाउँपालिका पशुसेवा शाखाका अतिरिक्त वडा नं १, ५ र ८ मा पशुसेवा इकाइ स्थापना गरी वडा स्तरबाटै पशु सेवा प्रदान गरिदै आएको छ।
- समय समयमा पशु पक्षिमा आउने महामारी नियन्त्रणमा जोड दिइएको छ।
- चालु आर्थिक वर्षमा १०५० डोज लम्पि स्किन खोप ५ वटा कृतिम गर्भाधान र खोप दिवसमा विभिन्न प्रकारक पहु पंक्षीहरुलाई खोप लगाएको र ५० प्रतिशत अनुदानमा वोयर वोका वितरणङ्कालाऊ सुचना आव्हान भई कार्य अगाडि वढेको छ ।
- गरिबीनिवारण तथा लघुउद्यम विकास कार्यक्रम कार्यन्वयनका लागि वडा छनौट भइ कार्यक्रम अघि वढेको छ ।

- प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत योजना कार्यन्वयन मार्फत स्थनीय नागरीकालाई रोजगारी प्रदान गरीएको छ भने त्यसवाट स्थानीय स्तरका  स-साना योजनाहरु मर्मत भई जनमागहरु सम्वोधन भएका छन ।
- पालिकाको राजस्व परिचालनलाई पारदर्षि बानाउन sutra revenue module प्रयोग वडा स्तरवाट संकलन भएका राजस्वको अनुगमण मुल्याकंन गरीएको राजश्व सुधार योजना वनाई कार्यन्वयनमा ल्याइएको
- स्थानीय उद्योग वाणिज्य संघ संग समन्वय वैठक गरी राजस्व सुधारमा सहजीकरण गरीएको ।

## सामाजिक विकास

<u>स्वास्थ्य शिक्षा युवा तथा खेलकुद लैगिक समनता तथा समावेशीकरण  तर्फ</u>

- आधारभुत स्वास्थ्य सेवा सर्वसुलभ र व्यवस्थित बनाउन सेवा करार तर्फका रिक्त भएका दरबन्दीमा मेडिकल अधिकृत समेत अन्य कर्मचारी पदपुर्ती गरि सेवा प्रवाह व्यवस्थित गरिएको छ ।
- आधारभुत स्वास्थ्य केन्द्रमा र स्वास्थ्य चौकीमा आधुनिक सूचना प्रविधिमैत्री प्रतिवेदन प्रणाली लागु गर्न इन्टरनेट सेवा सुचारु गर्नका साथै अतिआवश्यक इलोक्ट्रोनिकल सामानहरु उपलब्ध गराइएको छ ।
- नियमित खोप तथा अन्य मानव स्वास्थ्य सुचकाङ्कमा वृद्धि भएको छ ।
- DHIS-२, ELMIS कार्यक्रमहरु सबै स्वास्थ्य संस्थामा विस्तार भएको छ ।
- हात्तीपाइले तथा दादुरा रुदेला जस्ता विभिन्न राष्ट्रिय अभियानहरु सफलतापूर्वक सम्पन्न भएका छन् ।
- सबै स्वास्थ्य संघसंस्थाहरुमा गुणस्तर सुधार प्रणालिका लागि स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समितिलाई आफ्नो जिम्मेवारी तथा आधारभुत स्वास्थ्य केन्द्रको न्यूनतम सेवा मापदण्ड सम्बन्धि अभिमुखिकरण सम्पन्न भएको छ ।
- सम्पूर्ण विद्यालयहरुमा शिशु र कक्षा एक देखि अंग्रेजी माध्यमलाई जोड दिने निर्णय गरीक्रमश माथिल्ला कक्षामा विस्तार गर्दै लैजाने काम अगाडी बढेको ।
- यस पालिकाको सम्पूर्ण उच्च मा.वि. र मा.विहरुमा ICT कक्षाको स्थापना गर्ने काम सम्पन्न भएको र आ.विहरुमा पनि क्रमश स्थापना गर्ने काम भईरहेको ।
- स्थानिय पाठ्यक्रम निर्माण गरी कार्यान्वयन भईसकेको साथै शैक्षिक सुधार कार्य योजना निर्माण भएको ।
- शैक्षिक गुणस्तर सुधारका लागि विभिन्न  तालिम तथा क्षमता विकास कार्यक्रमहरु संचालन भईरहेको ।
- शिक्षा संगै खेलकुद विकासलाई पनि प्राथमिकता दिई विभिन्न खेलकुदका गतिविधिहरु निरन्तरता दिइएको छ।
- आवश्यकता अनुसार विद्यालय भवनहरु निर्माण कार्य जारी रहेको ।
- विभिन्न विद्यालयहरुको वालविकास कक्षाकोठा व्यवस्थापन गरीएका छन् ।

- सुधा मा.विमा रहेको कृषि प्राविधिक धार र महेन्द्र नमुना मा.वि.को शैक्षिक सुधरको कामलाई निरन्तरता दिईएको र खड्गमन्दिर मा.वी.हाँसीपुरको ६ कोठे भवन निर्माणको क्रममा रहेको साथै अन्य मा.वि.,आ.वी.र प्रा.वी,वालविकास विद्यालयहरुको भौतिक तथा शैक्षिक सुधारको काम भईरहेको ।
- विभिन्न लक्षित वर्गका कार्यक्रमलाई वढी भन्दा वढी रचनात्मक तथा व्यवहारीक रुपमा कार्यान्वयन गरिएको ।
- शिक्षा शाखाको सहकार्यमा कक्षा ५, ८ र १० मा अध्यापन गर्ने शिक्षकहरुलाइ नयाँ पाठ्यक्रममा आधारित २ दिने अभिमुखीकरण तालिम सम्पन्न भएको ।
- शिक्षक तथा कर्मचारीहरुको प्रथम तथा दोश्रो त्रैमासिक तलव भत्ता समयमै निकासा गरिएको तथा दिवा खाजा रकम समयमा निकासा दिइएको ।
- नयाँ विद्यालय व्यवस्थापन समिति गठन प्रक्रियामा करिब २५ वटा विद्यालयहरुमा उपस्थिति भइ सहजिकरणको लागि सहयोग गरिएको ।
- विभिन्न विद्यालयहरुमा रिक्त रहेका शिक्षक तथा कर्मचारीहरुको पदपुर्ति प्रक्रियामा सामेल भइ प्राविधिक सहयोग गर्ने कार्य सम्पन्न तथा निरन्तरता
- विद्यालयहरुलाइ सामाजिक परिक्षण तथा शैक्षिक व्यवस्थापन सुचना प्रणाली कार्यमा फिल्डमा गइ सहजिकरण तथा प्राविधिक सहयोग गरेको ।
- माथिल्लो निकायबाट माग बमोजिमका आ व २०७९।०८० का वार्षिक प्रगति प्रतिवेदन बनाइ पेश गरिएको ।
- सुकुम्वासी,भूमिहिन दलित तथा अव्यवस्थित वसोवासीहरुको लागि आयोग संग अनुमति लिई पुनः आवेदन फारम भर्ने काम सम्पन्न भएको र विवरणलाई अनलाईन फारम भर्ने सफ्टवयरमा इन्ट्रि गरी सकीएको र निस्सा दिने तयारी भएको र नियन्त्रण विन्दु राख्ने कार्य थालनी हुने क्रममा रहको छ ।
- सहिद परिवार, जनयुद्ध तथा जनआन्दोलनका घाईते व्यक्ति र द्वन्दपिडित महिलाहरु जेष्ठ नागरीक तथा अपांगता भएका व्यक्तिहरुलाई राहत सम्मान तथा सहयोग गरीएको।
- सहकारी,व्यवसायिक तालिम र उत्पादनमुलक कार्यमा जोड दिईएको ।
- लैगिक हिंसा विरुद्धको १६ दिने अभियान ८ वटै वडामा गएर गरीएको अपांग दवसका अवसरमा विषेश क्षमता भएका व्यक्तिहरुलाई सहायक सामाग्री वितरण गरीएको ।

## भौतिक पूर्वाधार विकास

सडक यातायात खानेपानी सिचाई विद्युतिकरण भवन निर्माण

- चालु आ व २०८०/०८१ मा उपभोक्ता समिति मार्फत संचालन हुने योजनाहरु तोकिएको ऐन कानून (सार्बजनिक खरिद ऐन तथा नियमावली, गाउँपालिकाको उपभोक्ता समिति गठन तथा संचालन कार्यविधि) को परिधि भित्र रही ८ वटै वडामा उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिका पदाधिकारीहरुलाई अभिमुखीकरण तालिम सम्पन्न ।
- योजनाहरुको वडा कार्यालयमै योजना सम्झौता सम्पन्न ।

- पालिकाको गौरवको योजनाको रुपमा रहेको रिङरोड र धिमधिमे-राङजाङ अरङखोला हुँदै स्वर्गद्वारी सडकको ठेक्का गरी निर्माणको काम सुरु भएको ।
- संघिय समपुरक योजनाको रुपमा रहेको भुलावारी सिचाई कुलोको ठेक्का सम्पन्न गरी निर्माणको काम सुरु भएको ।
- अधिकाश योजना तथा कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेको तथा कतिपय योजना तथा कार्यक्रमहरु सम्पन्न भै भुक्तानी भइसकेको ।
- अनुगमन तथा मुल्यांकनका सूचकहरुको आधारमा कार्यक्रम तथा आयोजनाको नियमित अनुगमन
- तथा मुल्यांकन ।
- स्वीकृत योजनाहरुको कार्यतालिका बनाई ठेक्कापट्टा, उपभोक्ता समिति तथा अमानतको प्रक्रिया पूरा गरी स्वीकृतिका लागि पेशको लागि ब्यबस्था गर्ने
- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत सूचिकृत लाभग्राहीहरुलाई प्राथमिकताको आधारमा जस्तापाता वितरणको लागि आवश्यक सहजीकरण, समन्वय तथा कार्यान्वयन ।
- योजनाको मासिक, चौमासिक र वार्षिक विवरण तयार, विश्लेषण तथा पृष्ठपोषण सम्बन्धि कार्यसम्पन्न योजनाको जाचपास तथा फरफारक ।
- अविरल वर्षाको कारण क्षति भएका घरहरुको पोर्टलमा प्रविष्टि तथा अभिलेख ब्यबस्थापन ।
- अनुगमन तथा मूल्यांकन सम्बन्धि नीति, कानून, मापदण्ड, सूचक र कार्यक्रम तर्जुमा एवं कार्यान्विनमा समन्वय ।

- सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत थप ९०० घरधुरी संख्या सुचिकृत गराई पुरानो सूची संसोधन गरी बंगलाचुली गाउँपालिकामा रहेका खरको छानो भएका सम्पूर्ण घरहरुमा जस्ता पाताको छाना लगाईदिने कार्यको सुनिश्चितता गरिएको।
- सडक तर्फ १२ किमि नयाँ ट्र्याक ओपन, भएको ७ किमि स्तरोन्नती र ७० किमि मर्मत सुधार भएको छ। खानेपानी तर्फ ५ वटा आयोजना निर्माण सम्पन्न भएका छन् । सिँचाई तर्फ २ वटा ठुला आयोजना निर्माणाधिन र ६ वटा निर्माण सम्पन्न भएका छन् ।२ वटा स्वास्थ्य संस्थाहरु मर्मत सुधार र ५ वटा सिँचाई कुलो निर्माण भएका छन।
- विभिन्न सडक,झोलुङ्गेपुल,विद्यालय भवन,सिचाई पोखरी,कुलो,तटबन्ध,खानेपानी लगाएतका विभिन्न आयोजनाहरु निरन्तर अगाडि बढीरहेका ।
- ३३.केभिएको विद्युत सव स्टेसन वडा नम्वर -३ बचेनीमा स्थापना हुने कामलाई तिब्र गतिमा अगाडी बढाउन महत्वपूर्ण भूमिका निर्वाह गरिएको र २ वर्ष भित्रमा बंगलाचुलीका सम्पूर्ण स्थानमा विद्युत्तिकरण सम्पन्न गरिसक्ने योजना अगाडी बढेको ।
- गाउँपालिकाको गौरवको आयोजना एक घर एक धाराको कार्यक्रमलाई केन्द्र र प्रदेश सरकार संग समन्वय तथा सहकार्य गर्दै योजना निर्माण प्रक्रिया अगाडी बढाईएको ।

**<u>वातावरण विपद तथा प्रकोप व्यवस्थापनः</u>**

- विगतमा आएको अविरल वर्षा र वाढीपहिरोमा परि क्षतिग्रस्त घरहरुको विवरण गृहमन्त्रालयको अनलाईन डाटा ईन्ट्री कार्यक्रममा करिव ३०० घरधुरी ईन्ट्री भएको र उक्त विवरण अनुसार पुननिर्माणको काम अगाडी वढ्ने वातावरण निर्माण गरिएको ।
- विभिन्न प्रकोप तथा विपदमा परेका र कमजोर तथा अशक्त व्यक्तिहरुमध्य ६२ जनालाई राहत प्रदान गरिएको छ।
- जनताहरुका मागमा रहि खानेपानी तथा नदि नियन्त्रण र तटवन्धको कार्य तदारुकताका साथ गरीएको छ ।
- नागरीक तथा पशु पक्षि र वालीनालीमा हुने प्रकोप तथा महामारी नियन्त्रणमा विशेष ध्यान दिइएको छ ।

**<u>सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास र सुशासन तर्फ</u>**

- व्यापक छलफल र सल्लाह सुझाव गाउँसभा विभिन्न विषयगत समिति विशेष समिति तथा गाउँ कार्यपालिका बैठक निर्धारीत समयमै सम्पन्न तथा सर्वसहमतिका साथ निर्णय भएको ।
- सामाजिक सुरक्षा भत्ता वितरणको काम सम्वन्धित वडा कार्यालय तथा पायक पर्ने स्थानबाट वितरणको सुरुवात भएको ।
- सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीकव नविकरण र दर्ताको कार्य थप व्यवस्थित भएको
- सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको परीचय पत्र वडावाट वितरण ३५ दन भत्र घटना दर्ताको लगत थप व्यवस्थित गर्ने गरीएको
- जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिहरुको लगत महिला वालवालिका शाखामा अभिलेख राख्ने र अनलाईइ घटना दर्तका कार्यमा समस्या भएका एनीडेस्ककव माध्यमवाट समाधान गर्ने व्यवस्था गरीएको ।
- वडाहरुलाई थप जिम्मेवारी प्रदान गर्दै वडा सचिवको अभाव हुने समस्यालाई समयमै समाधान गरिएको र चालु वर्षमा सवै वडमा प्रशासन तर्फका वडा सचिव पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगमा माग गरीएको छ।
- यस गाउँपालिकामा क्रियाशिल राजनीतिक दलहरुसंग समय समयमा मुख्य-मुख्य विषयहरुमा छलफल तथा परामर्श भईरहेको ।
- न्यायिक समितिद्वारा समयमै सेवाप्रदान तथा ४८ घण्टे मेलमिलापकर्ताका तालिम सम्पन्न भएको ।
- न्यायिक समितिलाई थप व्यवस्थित गर्न इजलाश कक्षकव निर्माण गरी संचालनमा ल्याइएको र कानुनी सल्लाहकारको सहयोग लिई न्याय सम्पादनमा सहजीकरण गरीएको ।
- केही पूर्वाधार विकासका लागि डिपिआर तथा आईईई समेत गर्ने कार्यहरु गरीएका छन भने गाउँपालिकाको आवधिक योजना तथा मध्यमकालिन खर्च संरचना बनाउन तयारी गरीएको छ।
- गौरवकोयोजना एक घर एक धारा कार्यक्रम कार्यन्वयका लागि खानेपानी गुरुयोजना तयारीको चरणमा रहेको छ।

- अव्यस्थित वसोवासी तथा भूमिहिन  दलितका लागि जग्गा वितरण गर्न नियन्त्रण विन्दु राख्ने कार्य अन्तिम चरणमा पुगेको छ ।
- विभिन्न शाखावाट नागरीक तथा कर्मचारीका लगि विभिन्न क्षमता विकास तालिम सञ्चालन गरीका छन
- गाउँपालिकाका  ल्यान्ड लाईन टेलीफोन र इन्टरनेट सुविधा विस्तार गरीएको छ ।

## अवसर तथा चुनौतीहरु

- बंगलाचुली अस्पतालमा दरबन्दी संरचना अनुसार दक्ष जनशक्ति व्यवस्था गरी अस्पतालको सेवालाई व्यवस्थित गर्नु
- गाउँपालिका र अन्तर्गतका कार्यालयहरुमा प्रयाप्त मात्रामा जनशक्ति टिकाई सेवा प्रवाह सुदृढ गर्नु
- गाउँपालिकाको आन्तरिक आम्दानी बढोत्तरी गर्न राजश्व  सुधार योजनाका कार्यन्वयन गर्नु
- ठुला तथा गौरबका आयोजनाहरु समयमै ठेक्का लगाई गुणस्तरीय रुपमा सम्पन्न गर्नु ।
- गाउँपालिकामा विभिन्न समयमा आइपर्ने प्रकोप तथा विपद सामना गर्न पूर्वतयारी पुनःस्थापना र पुनःनिर्माणका लागि यथेष्ट स्रोत व्यवस्थापन गर्नु
- गाउँपालिकाको शिक्षा र स्वास्थ्य सेवालाई थप सुदृढ र व्यवस्थित गर्नु
- गौरवको योजना एक घर एक धारा कार्यक्रम अन्तर्गत नागरिकलाई सुरक्षित खानेपानीको सुविधाको सुनिश्चितता गर्नु
- राष्ट्रिय अभियानहरु, वालमैत्री स्थानीय शासन कार्यक्रम, वातावरणमैत्री स्थानीय कार्यक्रम, छुवाछुत मुक्त स्थानीय तह घोषणा कार्यक्रम, पूर्ण खोप सुनिश्चिता कार्यक्रमको दिगोपना जस्ता अभियानहरु संचालन गर्नु
- स्थानीय स्तरमा स्वरोजगारी सिर्जना गरी कृषि उत्पादन, पशुपन्छीपालन जस्ता व्यवसायहरुलाई आधुनिक र व्यवस्थित गर्नु
- वडा स्तरमा सार्वजनिक सुनुवाई, प्रगती समिक्षा जस्ता कार्यक्रम निरन्तरता दिनु
- विपदमा भत्किएका घर निर्माणको कार्यक्रम, खेत बारी, कुलो, खानेपानी, विद्यालय लगायतमा भएको क्षतीको विवरण एकिन गरी भौतिक संरचनाको पुनःनिर्माण र पुनःसंचालन गर्नु
- सिमित साधनस्रोतको अति उच्चतम परिचालन गरी बहुआयामिक विकास र सेवासँग सम्बन्धित जनताका तिब्र इच्छा, चाहना र मागहरु यथासिघ्र संबोधन गर्नु ।

गाउँ सभाका सदस्यज्यूहरु, सचिवालय लगायतका राष्ट्रिसेवक कर्मचारीहरु, सञ्चारकर्मी एवं समस्त बंगालचुली बासी महानुभावहरु, यस गाउँपालिकाको समग्र शासन तथा विकासका कार्यमा अहोरात्र खटिई प्रत्यक्ष/अप्रत्यक्षरुपमा रचनात्मक सल्लाह, सुझाव एवं प्रतिक्रिया दिई सहयोग गर्नु भएकोमा हार्दिक धन्यवाद सहित कृतज्ञता व्यक्त गर्दछु ।

आगामी दिनमा यस गाउँपालिकाको सम्वृद्धि सुशासन तथा बहुआयामिक विकास तथा तिव्रतर जनअपेक्षाहरुका समयानुकूल परीपूर्ति गर्ने कार्यमा विद्दमान समस्याहरुको समाधान गरी चुनौतिहरुलाई अवसरमा परीणत गरी सम्भावनाहरुको भरपूर उपयोग गर्ने दिशामा हामी लाग्न र लगाउन समेत यहाँहरुको सक्रिय स्वस्फूर्त तथा रचनात्मक सहभागिता र सहकार्य गरी "**सबै मिलीजुली, हामी बनाउँछौं, हाम्रो बंगलाचुली**" भन्ने मूल नारालाई साकार पारी निर्धारित उद्देश्य प्राप्त गर्न अमूल्य सुझाव एवं साथ प्राप्त हुने कुरामा विश्वास लिएको छु ।

**धन्यवाद**

<u>प्रस्तुतकर्ता</u>

दस्तखतः-

नाम, थरः- तुल्सीराम पुन मगर

पदः- गाउँपालिका अध्यक्ष

मितिः- २०८०/०९/२५